केराबारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ

कोशी प्रदेश, नेपाल

सूचना नम्वरः-

मितिः२०८०।०३।०४ गते

## सूचना

### विषयः नदीजन्य पदार्थको मौज्दात (स्टक) प्रमाणित सम्वन्धमा ।

प्रस्तुत विषयमा चालु आ.व. २०७९।०८० को अवधिमा नदीजन्य पदार्थ खरिद गर्ने खरिदकर्ता फर्म, कम्पनि, व्यवसायीहरुले गाउँपालिका क्षेत्रमा नदीजन्य पदार्थको स्टक गरी राखेको भए ढुंगा, गिट्टी, वालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड २०७७ को व्यवस्था वमोजिम उक्त स्टक प्रमाणित गर्नका लागि अषाढ १५ गते भित्र कार्यालयमा देहायका कागजात संलग्न राखि निवेदन पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

साथै ढुंगा गिट्टी वालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड २०७७ को प्रतिकुल हुने गरी राखिएका स्टकहरुको हकमा सोही मापदण्डको दफा ७ को उपदफा ५ वमोजिम जफत गरी लिलाम विक्री गरीने व्यहोरा समेत अनुरोध छ ।

<u>आवश्यक कागजातहरु</u>

१. खरिद गरेको परिमाण तथा त्यसमध्ये के कति परिमाण स्टक रहेको खुलाई स्टक प्रमाणित गरिदिने सम्वन्धमा निवेदन ।
२. स्टक गरि राखिएको स्थलको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गाधनीसगको वहाल सम्झौताको प्रतिलिपि
३. चालु आ.व.को ठेक्का व्यवस्थापनको अवधिमा अन्य ठेकेदारवाट वा अन्य पालिका क्षेत्रवाट खरिद गरि यस गाउँपालिका क्षेत्रमा स्टक गरि राखेको भए,त्यसरी स्टक गरी राख्ने खरिदकर्ताले फर्म, कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, करचुक्ताको प्रतिलिपि, खरिदको भ्याटविलको प्रतिलिपि ।

ई-मेलःkerabariruralmun@gmail.com,वेभसाइटःwww.kerabarimun.gov.np, फोननं. ०२१-४०३११०